६११।३२३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४०५/२०७२/०७३
निर्णय नं.३२३

फ्रिडम फोरम, थापाथली, काठमाण्डौका नोदनाथ त्रिताल समेत ..............................२ निवेदक

विरूद्ध

कार्यालय प्रमुख जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग..............................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग ..............................................१

विषय :- लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका नोदनाथ त्रिताल समेतले जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७२।०६।२७ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । आयोगको आदेश पश्चात् जिल्ला स्वास्थ्य कार्यालयले मिति २०७२।०८।०३ च.नं.३७० को पत्रबाट माग बमोजिमको सूचना संलग्न राखि निवेदकलाई बोधार्थ दिएको पत्र समेत प्राप्त हुन आएको देखिंदा भविष्यमा निजले सूचना प्राप्त नभएको भनी उजुरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।